जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २३० पृष्ठः ४ | २०८० पुस १९ गते विहीबार (Thursday 04 Jan. 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## वडा अध्यक्ष यादवले बनाइदिए नौ मुसहरहरुको घर



**शम्भु चौधरी**

लहान, १८ पुस। सिरहाको धनगढीमाई नगरपालिका १ छपरारी देखि नर्गीसम्मको रोड विस्तारको क्रममा धनगढीमाई नगरपालिका १ मा पर्न गएका घरहरु मध्ये नौ जना मुसहर समुदायका घरहरु पनि परेका थिए। जसमा नौ जना मुसहरहरुलाई धनगढीमाई नगरपालिका १ का वडा अध्यक्ष सुर्य नारायण यादवले वडा १ कै एलानी पर्ती जग्गामा घर निर्माण गरिदिएका छन्। अध्यक्ष यादवले निर्माण गरिदिएका घरहरु मध्ये केहि जित्ना सदाय, शिवो सदाय, सोलिन्द्र सदाय, सुखरिया सदाय, मुन्ना सदाय, भुल्ला सदाय, अगहनिया सदाय, सन्तोष सदायरहेका छन। उक्त घर बाँस, माटो र छानोमा टिना दिई बनाएका छन्। बाँसको खर्च अध्यक्ष यादवले आफनो व्यतिगत खर्चमा लगनी गरिएकोछ भने टिना (जस्ता) को खर्च नगरबाट आएको अध्यक्ष यादवले बताए। रोड विस्तारका क्रममा पर्न गएका मुसहरहरुका.घर अध्येक्ष यादवले निर्माण गरिदिएकोमा सदाय समुदाय अध्येक्ष यादव प्रति खुसी भएका छन्।

## जनकपुरमा साहित्यकला तथा अन्तर्राष्ट्रिय नाटक महोत्सव हुने

जनकपुर, १८ पुस। मैथिली भाषा, साहित्य, कला, संस्कृति, अर्थ र पर्यटन प्रवर्द्धनका लागि जनकपुरधाममा जनकपुर साहित्यकला तथा अन्तर्राष्ट्रिय नाटक महोत्सव २०८० हुने भएको भएको छ। मैथिली विकास कोषको बुधबारको बैठकले आउँदो माघ१८ गतेदेखि २२ गतेसम्म हुने जनकपुर साहित्यकला तथा अन्तर्राष्ट्रिय नाटक महोत्सव आयोजना गर्ने निर्णय गरेको हो। महोत्सव जनकपुरधामको महेन्द्र नारायण निधि मिथिला संस्कृतिक केन्द्रमा हुनेछ। पाँच दिनसम्म चल्ने महोत्सवलाई बीसवटा सत्रमा विभाजन गरिएको मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिए। महोत्सवमा राजनीतिक, सामाजिक, साहित्यक र आर्थिक विषयउपर विमर्श हुने कोषका अध्यक्ष चौधरीले जानकारी दिए।

महोत्सवमा नेपाल र भारतका कलाकारबाट विभिन्न शीर्षमा नाटक प्रदर्शन गरिने कार्यक्रम रहेको छ। मैथिली, नेपाली, हिन्दी, असामी र बंगाली गरी पाँचवटा भाषामा नाटक प्रदर्शन हुने अध्यक्ष चौधरीले बताए। त्यसका लागि सबै नाट्यकर्मीलाई आमन्त्रण गरिसकेको उनले बताए। कोषले सबै राजनीति दलको राष्ट्रिय अध्यक्ष र दोस्रो वरियताका नेता आमन्त्रण गर्ने जनाइको छ। महोत्सवमा मिथिला चित्रकला, पुस्तक, नाटक, मिथिलाको भोजनको विभिन्न परिकारको प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रमसमेत हुनेछ। नेपाल र भारतका विद्वान, विदुषि, सामाजिक अभियन्ता, रङ्गकर्मी तथा राजनीतिकर्मीको सहभागिता रहने सो महोत्सवमा संघीयता, भाषानीति, साहित्यका

–बाँकी तीन पेजमा

## रौतहटमा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु

रौतहट, १८ पुस। रौतहटको पूर्विभेग गढीमाई नगरपालिका ६ धरमपुरमा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ। बुधवार भएको दुर्घटनामा घाइते भएका चालक माधव नारायण नगरपालिका ३ का २२ वर्षीय रञ्जित कुमार पण्डितको प्रादेशिक अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको हो। बागमती पुलस्थित भित्र सडक खण्डमा नदीबाट बालुवा लोड गरेर धर्मपुरतर्फ आउँदै गरेको ना२ त ८५०८ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डिएसपी एलिजा

–बाँकी दुई पेजमा




GUPTA BROTHERS AUTO TRADE | Mirchaiya | 9801500888, 033-550744
SNEHA AUTO ZONE | Siraha | 9801552815,033-550255

## भ्रष्टाचार मुक्त प्रदेश बनाउने प्रतिबद्धता अनुरूप काम अगाडी बढाएको छु : मुख्यमन्त्री यादव




**धर्बेन्द्र झा**

धनुषा,१८ पुस। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेशलाई भ्रष्टचार मुक्त प्रदेश बनाउने प्रतिबद्धता अनुरूप प्रदेश सरकारले आफ्नो कामकाज अगाडी बढाएको बताउनुभएको छ। मधेश प्रदेशको राजधानी जनकपुरधाममा बुधबार अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय काठमाडौंले भ्रष्टचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले यस्तो बताएको हो।

उनलेविगतमा प्रदेश सरकारलेयदि कुनै अनियमितता गेरको छ र त्यसको अनुसन्धान गर्नुमर्नेछ भनेअख्तियारलाई अनुसन्धानका लागि सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। उनले आफ्नो पालामा बजेटको दुरुपयोग र योजनाहरूको बिक्री नहुने भन्दै वर्तमान प्रदेश सरकारलाई सूचना लुकाउने बानी नभएको बताए। सरकारको कामकाजको बारेमा कसैलाई कुनै प्रकारको सूचना आवश्यक भए कार्यलय समयमा आएर लिनका लागि उनले सबैमा अनुरोध गरे। उनले काम गेरे पनि विगतमा कमिसन नदिएको कारण भुक्तानी नपाएको प्रष्ट उदाहरण देखिएकोले त्यसो नहुन दिनका लागि यस पटक सचिवको अध्यक्षतामा अनुगमन समिति बनाइएको र काम गर्नेले समयमै भुक्तानी पाउने जानकारी दिए।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेम कुमार राईले सुशासन कायम गर्नका लागि मानसिक रूपमा कार्यशैलीमा परिवर्तन आवश्यक भएको बताए। उनले भ्रष्ट मुक्त समाज निमार्णको लागि सेवा प्रवाहमा सुधारको आवश्यकता भएको बताए। उनले भने, "कानुनको ज्ञान कर्मचारीमा हुन्छन् कि जनप्रतिनिधिमा। उहाँहरु त जनताको मतले जितेर आएका हुन्छन्। ब्युरोक्रेटले राजनीतिक नेतृत्वलाई कानुन बमोजिम काम गर्न लगाउनु पर्छ।"

प्रमुख आयुक्त राईले तिनै तहका सरकारले मिलेर सुशासन कायम गर्न सक्ने भन्दै सुशासनको लागि

–बाँकी अन्तिम पेजमा

# सम्पादकीय

## शिक्षा नेतृत्वमा ‘प्रचण्ड’ वाचा

नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ कस्ता प्रकारका व्यक्ति हुन् भन्ने प्रश्नको उत्तरमा जानकारहरू भन्दछन्– उनी पानीजस्ता हुन्। अर्थात्, जुन भाँडोमा राख्यो, त्यसैको आकार लिइदिने। भाँडाबाट निस्कियो कि ओरालो बाटो पक्रिने। प्रधानमन्त्री प्रचण्ड आफ्नो अगाडि भएका दर्शक, श्रोता, समूह, भेला अनुसार आफूलाई ढाल्न अभ्यस्त भएका छन्। त्यस्तो व्यवहारले उनलाई मुखेञ्जी कसैले गलत भन्न सक्दैन। तर, भनाइ अनुसारको गराइ नभएपछि आशा गरेकाहरूको मन मर्छ। अनि तिनैले भन्छन्– हाम्रा प्रधानमन्त्रीका वाचा र वचन ठोस होइन, पानी जस्तो तरल हुन्छन् ।

दैनिक धेरै स्थानमा गएर धेरै वाचा गरेर तिनलाई बिर्सन पनि सकिएला। तर, प्राज्ञिक भेलामा गरिएको वाचाको गहनता प्रधानमन्त्रीले बिर्सनु हुँदैन। यस्तै वाचा प्रधानमन्त्रीले शैक्षिक संस्थाहरूको नेतृत्वका विषयमा गरेका छन्। र, त्यो वाचा पुर्‍याउन सके उनको प्रधानमन्त्री कार्यकालकै एक महत्त्वपूर्ण कार्य हुनेछ। प्रधानमन्त्रीले घोषणा गरेका छन् कि अब विश्वविद्यालयहरूमा राजनीतिक भागबन्डा हुने छैन। अब योग्यताको आधारमा मात्र पदाधिकारीहरूको नियुक्ति हुने संकल्पसमेत प्रधानमन्त्रीले लिएका छन्। यदि प्रधानमन्त्रीले भनेजस्तो हुन सकेको खण्डमा नेपालको शिक्षा क्षेत्रमा कायापलट हुने थियो। नेपालका विश्व विद्यालयले प्रदान गर्ने शिक्षा र यहाँबाट पढेर निस्किएका विद्यार्थी अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने हुने थिए।

अहिले नेपालको सबैभन्दा पुरानो र प्रतिष्ठित त्रिभुवन विश्वविद्यालयमा उपकुलपति छान्नुपर्ने अवस्था छ, जसमा राजनीतिक दलको भागबन्डा नहुने र उपयुक्त व्यक्तिको नियुक्ति हुने कुरामा कसैको विश्वास छैन। अहिलेसम्म हरेक विश्व विद्यालयका उपकुलपति मात्र होइन अन्य पदहरूमा समेत भागबन्डा हुँदै आएको छ। भागबन्डा मात्र होइन, दलभित्रको पनि कुन गुटको व्यक्ति छानिने भन्नेमा प्रतिस्पर्धा देखिँदै आएको छ। यसरी राजनीतिक नियुक्ति पाएका व्यक्तिले आफ्ना दलका कार्यकर्ता र आफन्तको हितमा विश्व विद्यालयको दोहन गर्दै आएका छन्। पदासीन भएकामध्ये दलीय राजनीतिको मोहबाट माथि उठेर देशको शिक्षा क्षेत्रमा साँच्चिकै योगदान गरौँ भन्ने व्यक्ति औँलामा पनि गन्न नपुग्ने संख्यामा छन्।

शिक्षकहरू दलीय भागबन्डामा छन्, विद्यार्थीहरू दलीय स्वार्थमा लिप्त छन्, कर्मचारीहरू पनि दलप्रतिको भक्तिअनुसार पद पाउँछन्। यस्तो विकराल अवस्थामा प्रधानमन्त्री प्रचण्डले घोषणा गरेको भरमा परिवर्तन आउला भनेर विश्वास गर्नसक्ने अवस्था देखिँदैन। तर, त्रिभुवन विश्वविद्यालयको उपकुलपति नियुक्ति नजिकै छ, त्यसमा प्रधानमन्त्रीले बोले अनुसार ’मेरिटोक्र्यासी’ लागु हुन सकेमा केही आशा गर्न सकिन्छ। तर, यहाँनिर मनन् गर्नुपर्ने कुरो के छ भने प्रधानमन्त्रीले योग्यता भनेर के बुझेका छन् ? योग्यता भनेको माओवादीले सुरु गरेको बुर्जुवा शिक्षा विरोध नीति राम्ररी बुझेको र सोही अनुसार काम गर्न सक्ने व्यक्ति हो ? यदि त्यसो होइन भने शैक्षिक क्षेत्रको नेतृत्व गर्ने व्यक्तिको योग्यता के हो ? यस विषयमा पनि प्रधानमन्त्रीले स्पष्ट पार्नुपर्ने देखिन्छ ।

“भूमण्डलीकरणको बहुआयमिक प्रभावका आधारमा शैक्षिक नीति, पाठ्यक्रम र संरचनामा परिवर्तन गरेर मात्र शिक्षा क्षेत्रका चुनौतीलाई छिचोल्न सकिन्छ,” भन्ने प्रधानमन्त्रीले पहिले आफूले शिक्षा क्षेत्रका विषयमा लिएका सोचहरूमा समयानुकूल परिवर्तन गरेको भन्ने प्रमाणित गर्नुपर्ने पनि बेला भयो कि ? आशा गरौँ शिक्षा क्षेत्रमा योग्यताको कदर गर्ने प्रधानमन्त्रीको प्रचण्ड दृढता पानीको फोका बनेर हावामा विलीन हुने छैन।






# राष्ट्र कमजोर बनाउनेको अन्तिम आक्रमण भाषा, संस्कृतिमाथि

**डा. कमल ढकाल**

केही समय अगाडि कक्षा ११ को नेपाली पुस्तकमा नेपाली वर्णमालाबाट बोलीचाली र प्रचलनमा नभएका दीर्घ ‘ऊ’ र दीर्घ ‘ई’ हटाइएको भनेर फोटो सहित एक लेख देखें। लेखको शीर्षक देख्दै विरक्तिएको यो मन भने लेखकको विद्वत्ता देखेर त्यसै पुलकित भयो। फेरि सोचें, हाम्रो देशमा भानुभक्तका काव्य र लक्ष्मीप्रसाद देवकोटाका कविताको रसले रसाउने आँखाहरू त पक्कै छन्। कम्तीमा ती आँखाहरूले त देख्छन् होला भाषा माथिको प्रहार। अनि नेपाली भाषालाई प्रेम गर्ने भाषाप्रेमीहरू पनि त जिउँदै छन्। अहिले भाषाप्रेमीहरू जिउँदै मात्रै छैनन् स्वतस्फूर्त रूपमा जाग्दै पनि छन् ।

यो जागरणले कोही–कोही विखण्डनकारीहरूको निदहरण भने पक्कै गरेको छ किनकि विविधताले भरिएको देशलाई जोड्ने बलियो जर्ती भाषा पनि एक हो। जसरी सुनका गहना जतिसुकै सुन्दर भए पनि यसलाई जोड्ने जर्ती निकालेपछि गहना फगत एक धातु मात्र हुन्छ त्यसरी नै भाषा र संस्कृति निकालेपछि राष्ट्र केवल माटो मात्र रहन्छ।

राष्ट्र कमजोर बनाउने मन्तरको जन्तर बाँधेर हिंडेका विदेशी झाँक्रीहरू र त्यही मन्त्र फलाक्दै हिंड्ने केही स्वदेशी धामीहरूले सबै सिद्ध्याइसकेपछि अन्तिममा झटारो त्यस देशको भाषा र संस्कृतिमाथि प्रहार हुन्छ। यसको ज्वलन्त उदारहण हो–फिलिपिन्स। स्पेनिसहरूले कब्जा गर्नुभन्दा पहिले फिलिपिन्समा मलाया प्रमुख भाषा थियो। स्पेनिस अतिक्रमणसँगै मलाया भाषा विस्तारै लोप हुँदैगयो। स्वतन्त्र हुने बेलासम्म उसले आफ्नो भाषा र संस्कृति सबै गुमाइसकेको थियो। सन् १९३७ मा एक भाषा आयोग गठन गरेर नयाँ भाषा बनाइयो। फिलिपिनो नामकरण गरिएको उक्त भाषा स्थानीय तगालग भाषामा आधरित छ। यद्यपि यो सबै स्थानीय भाषाबाट शब्द निकालेर बनाएको टालाटुली बटुली भाषा हो।

नयाँ भाषा बोल्न धेरैलाई अप्ठ्यारो भएपछि अंग्रेजीलाई पनि त्यहाँ राष्ट्रिय भाषा बनाइयो। अहिले त्यहाँ अंग्रेजी भाषा र पश्चिमी संस्कृति नै बढी प्रचलनमा छ। यो कुरा फिलिपिन्समा जन्मेहुर्केर अहिले मसँगै काम गर्ने एक वैज्ञानिक वार्नरले बताएका हुन्। कहिलेकाहीं हामी सँगै खान जाँदा एकअर्काको देशको संस्कृतिको बारेमा कुरा गर्छौं।

यसको ठिक उल्टो भाषाले कसरी राष्ट्रलाई बलियो बनाउँछ र सबैलाई एकजुट हुन् प्रेरणा दिन्छ भन्ने उदाहरण हो, इजरायल। संसारभरबाट लखेटिएका यहुदीहरू जब इजरायल देश बनाएर बस्न थाले उनीहरूमा सबैले बुझ्ने राष्ट्र भाषाको अभाव भयो। उनीहरूको पुर्खाले बोल्ने गरेको हिब्रु भाषा हाम्रो संस्कृत भाषा भन्दा पनि पहिले करिब २००० वर्ष अघि लोप भइसकेको थियो। इजरायलमा बस्न आएका यहुदीहरू कसैले अरबी, कसैले जर्मनी र कसैले फ्रेन्च जस्तै धेरै भाषा बोल्दथे। हाम्रो संस्कृत जस्तो रबाई (धर्मगुरु) हरूले पूजा पाठमा मात्र सीमित भएको हिब्रुलाई १८औं शताब्दीमा एलिजर बेन यसुदा भन्ने व्यक्तिले हिब्रु शब्दकोश बनाएर सबैलाई हिब्रुमा पढ्न र बोल्न अनुरोध गरे। सुरु–सुरुमा गाह्रो भए पनि पछि यसले एक आन्दोलनकै रूप लियो।

निरन्तर प्रयासको फलस्वरूप अस्ति भर्खर सन् २०१८ मा इजरायल सरकारले हिब्रुलाई राष्ट्र भाषा घोषणा गर्‍यो। इतिहासमा २००० वर्ष पहिले लुप्त भइसकेको भाषा फेरि ब्युँतेको उदाहरण यो नै पहिलो हो। अहिले त्यहाँको जनसंख्याको ७० प्रतिशतभन्दा धेरैले हिब्रु बोल्छन् जबकि २०० वर्ष पहिला १० प्रतिशतले पनि बोल्दैनथे। हाम्रा गाउँमा राति सुन्तला चोर आउँथे। बुढाबुढी सुतेको मौका परे झटारोले झारिहाल्ने तर कथंकदाचित बुढाबुढी उठिहाले भने चर्को चर्को कराउँदै हिंड्ने अनि भन्ने कि बाघ आउँछ कि भनेर कराउँदै हिंडेको भनेर।

मलाई लाग्छ, हाम्रो भाषालाई पनि यस्तै चोरहरूले वेला–वेलामा लुकेर झटारो हानिराखेका छन्। कसैले विरोध गर्‍यो भने खण्डन गर्ने, नत्र भाषालाई सुटुक्क बिगारेर कुरूप पार्ने। यो अन्ततः हाम्रो राष्ट्रियता र संस्कृति कमजोर पार्ने प्रयत्न हो। नेपाली वर्णमाला बाट दीर्घ ‘ऊ‘ र दीर्घ ‘ई’ हटाएको भन्ने समाचार देखेपछि मलाई पनि यसका बारेमा केही भन्न मन लाग्यो। अस्ति भर्खर नेपाली शब्दकोशबाट ॐ शब्द हटाएको भन्ने सुनिएको थियो। पछि यसको खण्डन पनि भयो क्यारे !

कारण चलनचल्तीमा बोलिंदैन भनेर। यदि यो साँच्चै हो भने यो जसले यस्तो निर्यण गरेको हो, उहाँहरूलाई मेरो गुनासोको नासो यस्तो छ। हुन त म त झन् भाषा विज्ञ पनि होइन, म विज्ञानको विद्यार्थी, स्वर र व्यञ्जन उपयुक्त तरिकाले उच्चारण नगर्दा त्यसको मनोवैज्ञानिक कस्तो असर पर्छ त्यसका बारेमा बरु भन्न सक्छु। स्वरहरूको उचित प्रयोगले हाम्रो श्वास–प्रश्वासको गतिलाई समेत असर पर्छ। श्वास–प्रश्वासको रेगुलेसनले हाम्रो शरीरको मेटाबोलिजम र फिजियोलोजीमा कस्तो असर पर्छ भन्ने त टिचिङ अस्पतालको फिजियोलोजीको डाक्टरलाई गएर सोधे पनि बताइदिन्छन्। अहिले केही बोलिनँ। यसको बारेमा कुनै दिन चर्चा गरौंला।

विज्ञानको विद्यार्थी भए पनि म एक नेपाली भाषाप्रेमी पनि भएकोले म जस्तो ठेट्नालाई समेत थोरै थोरै यसको जानकारी छ। भाषा हाम्रै मुखबाट निस्कने विभिन्न स्वरहरूको संज्ञा हो जसलाई संसारभरि नै विभिन्न लिपिमा लेखिएका छन्। जसरी एक सामान्य मान्छेको भन्दा गीत गाउने कलाकारमा धेरै स्वर निकाल्न सक्ने क्षमता हुन्छ र जुन कलाकारले जति धेरै स्वर (फ्रिक्वेन्सी) निकालेर गाउन सक्यो, उसका गीत त्यति नै कर्णप्रिय हुन्छन् र ऊ स्वरको धनी कहलाउँछ।

भाषामा पनि जति धेरै स्वरहरू प्रयोग हुन्छ त्यो भाषा त्यति नै कर्णप्रिय हुन्छ। यस्तो भाषा, भाषाहरूको पनि कलाकार हुन्छ र त्यो भाषा त्यति नै धनी हुन्छ। नेपाली भाषा पनि संसारकै धनीमध्ये एक हो। यसमा धेरै स्वरहरू (१३) छन् भने अंग्रेजीमा जम्मा ५ छन्। दीर्घ स्वर सम्बन्धी केही कुरा भन्न मन थियो तर ती ‘विज्ञहरूसित’ मेरो परिचय छैन तपाईं जस्ता नेपाली भाषाप्रेमीहरूको माध्यमबाट यो सन्देश उहाँहरूसमक्ष पुग्थ्यो कि ? १. डलर अनुदान आएकाले उनीहरूकै खटन–पटन मान्ने हो भने पनि उनीहरूको भाषामा (अंग्रेजी) मा स्वर कम भए पनि वाक्य बोल्दा राइजिङ र फलिङ टोन राखेका हुन्छन् जुन हाम्रो भाषामा हुँदैन। यसले हाम्रो भाषाको ह्रस्व र दीर्घ जस्तै काम गर्छ। ह्रस्व भनेको १ मात्रा हो भने र दीर्घ भनेको २ मात्रा हो। राइजिङ र फलिङ टोन नमिलाई जति राम्रो अंग्रेजी बोले पनि त्यो सुन्दा राम्रो सुनिंदैन मात्र होइन, बुझ्न पनि गाह्रो पर्छ।

२. चलनचल्तीमा ‘ऊ’ हुँदैन भन्ने विज्ञहरूका आमाले उनीहरूलाई ‘बाबू’ भनेर बोलाएको रै’नछ कि क्या हो ! खेतमा काम गर्न जाँदा कोक्रामा हालेर गएको आफ्नो बच्चालाई बेलुका आमाले आएर काखमा लिंदा (अत्यास लागेर) ‘मेरो बाबू’ भनेर बोलाउँदा ‘बाबू’ को अन्तमा आउने जुन ‘ऊ’ छ यो दीर्घ ‘ऊ’ हो। यो दीर्घ (२ मात्रा ) हो अर्थात् आमाले अलि लामो गरेर ‘बू’ भन्छिन्। छोराछोरीलाई बाबू भनेर बोलाउने चलन नेपालभरि छ। विज्ञ महोदयहरूले कुन देशको चलन–चल्तीको कुरा गर्नुभएको हो मैले बुझिनँ। यो त एक उदाहरण मात्र हो, यस्ता शब्द त कति छन्, छन्।

२ दीर्घ मात्र होइन हाम्रो भाषामा प्लुत (३ मात्रा) स्वर समेत छ। प्लुत भनेको दीर्घ भन्दा पनि लामो ३ वा ४ मात्रा स्वर हो। दीर्घ ऊ नदेख्ने ले प्लुत ऊ त झन् के देखेको होला। तपाईंहरूको गाउँ–ठाउँतिर छैन भने हाम्रो गाउँ (स्याङ्जा– आँधीखोला–६ टिकाजा) मा आउनु, हामी सुनाइदिऊँला। कि स्याङ्जा पनि नेपालभित्र पर्न छोड्यो ? आफ्ना छोराछोरी समयमा भात खान आएनन् भने हाम्रा गाउँतिर अझै पनि यसरी बोलाउनुहुन्छ।

जस्तै– ‘ए ! बाबू (४ वा ५ मात्रा)) भात खान आइजा’ भनेर बोलाउँदा, बाबूको ‘बू’ लाई धेरै लामो गरेर बोलाउने चलन छ। यो वाक्यमा बू को ‘ऊ’ प्लुत स्वर हो। मलाई थाहा छ नेपाली भाषा विज्ञ अझै धेरै जिउँदै हुनुहुन्छ। भाषा जस्तो विषयको निर्णय लिंदा कमसेकम नेपालभरिका भाषा विज्ञ र प्राध्यापकहरूसँग राय–सुझाव लिएर निर्णय गर्नुपर्छ।

३. म फेरि भाषा शुद्ध लेख्नुपर्छ भनेर कसैले बुझ्दै नबुझ्ने क्लिष्ट नियमहरूको प्रयोग र अंग्रेजी शब्द मिसाउनै हुँदैन भन्न खोजेको पनि होइन। भाषालाई समय अनुसार नबदल्ने हो भने लुप्त पनि हुनसक्छ वा अर्को भाषाले स्थान ओगट्न सक्छ। स्वर परिवर्तन भन्दा शब्दहरू थपेर नेपाली भाषालाई सजिलो बनाउन सकिन्छ।

अमेरिकाको प्रख्यात कफी पसल स्ट्यार बक्समा गएर ‘चाय’ भनेर माग्ने हो भने सबैले बुझ्छन् उनीहरूको मेन्युमै यही शब्द छ। यो शब्द एङ्ग्लो भाषाका शब्दकोशहरूमा भर्खरै समावेश गरिएको हिन्दी शब्द छ। अरुको भाषाका शब्दहरूलाई भित्र्याएर नै अंग्रेजी संसारको भाषा भन्न सफल भयो।

४. हामीलाई विद्यालयमा भाषा शुद्ध लेख्नुपर्छ मात्र सिकाइयो, शुद्ध बोल्नुपर्छ भनेर सिकाइएन। मैले अझै सम्झन्छु कक्षा ९ को नेपाली व्याकरण पढदा, ‘सर्वनाम, विशेषण, जाति, पेशा, थर– पदान्तमा दीर्घ हुन्छन् दीर्घै लेख्ने गर’ भनेर घोकिन्थ्यो। यसरी दीर्घ लेख्ने गर मात्र सिकाइ यो दीर्घ बोल्ने गर भनेर कहिल्यै भनिएन। नेपाली भाषालाई बचाउने हो भने शुद्ध लेख्न मात्रै होइन, शुद्ध बोल्न पनि सिकाउनुपर्छ।

अन्त्यमा मैले पहिले भने झैं भाषाको ज्ञाता होइन केही कमि–कमजोरी रहेछन् भने यसको भावअनुसार बुझ्नुहोला। नीतिशास्त्रमा भनिएको छ बाटो हिंड्ने मान्छे लड्न सक्छ। दुर्जनहरू लडेको देखेर हाँस्छन् भने सज्जन उठाउन जान्छन्।

## *रौतहटमा ...*

गिरीले जानकारी दिइन्। घटनाको विषयमा आवश्यक अनुसन्धान भइरहेको तथा मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा राखिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

## Vacancy

**Samagra Jan Utthan Kendra (SAMAGRA)** was established by intellectual and conscious youth group of Lahan municipality to address human rights protection and promotion, transitional justice, conflict transformation and peace building in society. Similarly, injustice, unbalance, unethical concept and behavior, harmful social practices of society in Lahan on May 21st 2002 AD. Since then, SAMAGRA is heavily engaged human rights protection, transitional justice initiatives, GBV reduction initiatives, peace building & conflict transformation and Security &Justice promotion mainly in the Madesh Province of Nepal through I/NGOs funding and partnership.

**DETAILED JOB DESCRIPTION / REQUIREMENTS:**

SAMAGRA-Lahan has envisioned to work at 6 Palikas of Saptari, Siraha and Mahottori districts to support conflict victims, survivors and their families for a credible and victim centered transitional justice processes. Hence, SAMAGRA is seeking for qualified, dynamic, and motivated Nepali citizen on the following position on 7 days from the notice published date. The position is contingent and will be based on funding availability from the donor.

**Position** : **Social Mobilizer**
**Required No.** : **1 Person**
**Qualification** : **Intermediate level completed**
**Work Experience** : **2years of experience in the sector of victim centered transitional justice process, entrepreneurship, psychosocial support and social mobilization.**

**Key Skills and Knowledge :**

- Ensure project activities are implemented timely along with quality project activities deliverables
- Ensure project events and plans are executed as per the plan and prepare events reports.
- Carry out day to day coordination with local government, civil society groups, transitional justice groups,women groups/networks to build collaboration in the project implementation.
- Provide technical support, supervision and monitor the CBOs/CSOs, groups/networks in close consultation with program coordinator at local level.
- Support in the process of baselineand listening survey of conflict victim and survivor families
- Maintain close coordination and relationship with local government, elected representatives, government officials, local stakeholders' for leveraging local resources, experiences and expertise for enabling truth, memory and justice of conflict victim and survivor family's promotion in the targeted municipality
- Lead meetings, orientations, trainings, visits with provide logistic supports during the eventsin the project area.
- Support Program Coordinator in project planning, implementation, monitoring and documentations of project activities and progress.
- Other roles and duties as assigned by the Program Coordinator related with the project.
- Must be emotionally stable and willing to serve the conflict victim and survivor families and work with the community.
- Good written and oral communication skills in local language and Nepali (proficiency in English would be added advantage).
- Basic computer skills – Word, excel and power point presentations.
- Ability to work under pressure

Interested candidates who meet these criteria should apply to **vacancy.samagra@gmail.com** and submit their updated CV and application including at least recent two references and a scan copy of job experience letter and Nepali Citizenship before **9 January 2024 (05:00 PM).**

***Note**: Women, marginalized, minoritygroups, conflictvictims, survivor and their familiesare highly encouraged to apply for the above position. Only the short-listed candidates will be called for written test and an interview. No telephone calls will be entertained. SAMAGRA reserves the right to reject any or all applications without assigning any reasons whatsoever*


# प्रहरीद्वारा ८ लाख बढीको मोबाइल, अवैध सुर्ती र काठ बरामद

रौतहट, १८ पुस। रौतहट स्थित प्रहरीले ८ लाख रुपैयाँ भन्दा बढीको मोबाइल, सुर्ती र अवैध सालको गोलिया काठ बरामद गरेको छ। जिल्लाको छुटाछुटै स्थानबाट खटिएको प्रहरी गस्ती टोलीले उक्त सामान बरामद गरेको हो। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको टोलीले तल्लो बजार स्थित चपुर गौर सडक खण्डमा चेकजाँच गर्ने क्रममा गौरबाट चन्द्रनिगाहपुरतर्फ आएको बसको डिक्कीमा ३ ओटा बोरा भित्र रहेको कार्टुनमा विभिन्न कम्पनीहरूको मोबाइलहरू फेला परेको थियो। बरामद ३८७ थान मोबाइल कुल आठ लाख अठार हजार नौ सय छ रुपैयाँ मूल्याङ्कन सहित आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा दाखिला गरिएको एसपी महेन्द्र कुमार श्रेष्ठले बताएका छन्।

त्यस्तै प्रहरी चौकी औरैया र प्रहरी चौकी मठिया महुलियाबाट खटिएको संयुक्त प्रहरी टोलीले ईशनाथ नगरपालिका ३ र ४ स्थित चेकजाँच गर्ने क्रममा मधेस प्र. ०३–०२४ प. ३०३३ नम्बरको सुपर स्पलेण्डर मोटरसाइकल १ थान र सुर्ती २०८ किलो बरामद गरेको छ। दुई लाख चार हजार मूल्याङ्कन सहित मोटरसाइकल र सुर्ती आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालयमा बुझाइएको एसपी श्रेष्ठले बताएका छन्।

उता बृन्दावन नगरपालिका ८ बरगजवा टोल स्थित बाटेको छेउमा परालमुनि लुकाई छिपाई राखेको अवस्थामा पाँच थान गोलिया काठ मंगलवार साँझ प्रहरीले बरामद गरेको छ। ४० क्युबिफिट एक लाख बिस हजार बराबरकोसालकोकाठआवश्यक कारबाहीको लागि डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा दाखिला गरिएकोजिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# बालीनाली जोगाउन रातभर जाग्राम

वीरगञ्ज, पुस १८ गते। जङ्गली जनावरबाट बालीनाली जोगाउन पर्साको उत्तर–पश्चिम क्षेत्रका स्थानीय रातभर जाग्राम बस्ने गरेका छन्। पर्सा राष्ट्रिय निकुञ्ज तथा अन्य वन जङ्गलबाट आउने जनावरले दिनहुँ गहुँबाली तथा तरकारी नष्ट गर्न थालेपछि उनीहरु बालीनाली जोगाउन राति जाग्राम बस्न बाध्य भएका हुन्। पर्साको जिराभवानी गाउँपालिका, ठोरी गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका र सखुवा प्रसौनी गाउँपालिकाका विभिन्न गाउँका किसान जङ्गली जनावरबाट पीडित भएका छन्। वनजङ्गलबाट आउने चित्तल, हात्ती, हरिण, निलगाई, बँदेल, बाँदर, भालुलगायतका जङ्गली जनावरले गहुँ, मकै, आलु, तोरीलगायतका बाली सखाप पार्ने गरेकाले जोगाउनका लागि जाग्राम बस्न बाध्य भएको ठोरीका रञ्जित श्रेष्ठले बताए।

राष्ट्रिय वनमा घेरवार नहुँदा दिनहुँ जङ्गली जनावरले बालीनली नष्ट गर्ने गरेको उनको भनाइ छ। जङ्गली जनावरबाट बालीनाली जोगाउन मचान बनाएर राति निगरानी गर्दैआएको जिराभवानीका शङ्कर महतो बताउछ। रातिको समयमा आउने हात्तीलाई धपाउन किसानले पटाका पड्काउने, टिन ठटाउने र होहल्ला गर्ने गरेको उनले बताए। बर्सेनि जङ्गली जनावरले बालीनालीमा क्षति पुर्‍याउने गरेपनि आफूहरूको समस्या समाधानका लागि स्थानीय सरकार, डिभिजन वन कार्यालयले कुनै सुनुवाइ नगरेको किसानको गुनासो छ।

डिभिजन वन कार्यालय पर्साका प्रमुख सुभाषचन्द्र दासले वनजङ्गल आसपास क्षेत्रमा जङ्गली जनावरले आतङ्क मच्चाउँदै आएकाले समस्या समाधानका लागि पहल गरिरहेको बताए।

*जनकपुरमा...*

विभिन्न विधा तथा समाजको वर्तमान अवस्थाप्रति मन्थन हुने कोषका अध्यक्ष चौधरीले बताए।

कोषका सदस्य सचिव श्यामसुन्दर शशीले महोत्सव अवधिभर करिब २१ वटा विमर्श सत्रमा जनकपुर गाथाअन्तर्गत जनकपुरधामको निर्माताउपर विशेष विमर्श हुने, मिथिला साहित्य कला, यहाँकी सफल महिलाको सफतलाको कथा र्प्रस्तुति, युवाको अवस्थालगायत विषयउपर विमर्श हुने जनाए। प्रदेश सरकार स्थापना भइसके पनि मधेस प्रदेश सरकारले अझै आफ्नो कामकाजको भाषा तय गर्न सकेको छैन। सम्बन्धित सबै व्यक्तित्वलाई राखेर प्रदेशको कामकाजको भाषा तय गर्न प्रतिबद्धता जनाउने प्रयास गरिने सदस्य सचिव शशीले बताए। कोषले प्रत्येक दुई वर्षको अन्तरालमा आयोजना गर्दै आएको महोत्सव २०७३ सालदेखि निरन्तर हुँदै आएको छ। महोत्सवलाई मधेस प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक सहयोग गरेको छ।

महोत्सवलाई भव्य र सभ्यरुपमा मनाउन गत मङ्सिर १९ गते कार्यकारिणी समितिको बैठक बसेर कोषका अध्यक्ष चौधरीको अध्यक्षतामा एक हजार एक सदस्यीय मूल समारोह समिति गठन गरेको छ। जसमा जनकपुरधाममा सामाजिक संघ संस्थाका प्रतिनिधि, राजनीति दलका प्रतिनिधि, युवा, व्यवसायी पत्रकार तथा नागरिक सामाजका अगुवालाई समावेश गरिएको छ। महोत्सवमा नेपाल र भारत गरी करिब एक लाख दर्शक सहभागी हुने कोषको अनुमान छ। यस्तै, महोत्सवमा यो पटक सांस्कृतिक कार्यक्रममा प्रस्तुतिका लागि चर्चित गायक गायिकालाई आमन्त्रण गरिएको छ।

# जनकपुरमा अख्तियार प्रमुखलाई प्रश्न : गोदाममा थन्किएको ५ हजार साइकल के गर्ने ?



जनकपुरधाम, १८ पुस। बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनकपुरधाममा गरेको कार्यक्रममा मधेश भवनको गोदाममा थन्किएको पाँच हजार थान साइकलको प्रसंग उठ्यो। 'बेटी पढाउ बेटी बचाउ' कार्यक्रममा अख्तियारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका तत्कालिन सचिवसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा चलाएपछि पहिले नै किनिएको करिब पाँच हजार थान साइकल वितरण पनि रोकिएको छ। 'अख्तियारले समयमा मुद्दा नचलाउँदा र सरकारले वितरण नगर्दा साइकल कवाड बन्दै छ, यसको जिम्मेवार प्रदेश सरकार कि अख्तियार ?', एक सहभागीले सोधे।

साइकल खरिदकर्ता कम्पनीका प्रतिनिधिले पीडा पोखे, 'पाँच हजार हाराहारीमा साइकल प्रदेश सरकारको गोदाममा छ। ठेकेदारले पनि भुक्तानी पाएको छैन, यसमा दोषी को ?' त्यसपछि मुख्यमन्त्री सरोज यादवले साइकल वितरण अनियमिततामा ठेकेदार दोषी नरहेको भन्दै अख्तियारका प्रमुख आयुक्त प्रेम राईलाई समस्याको गाँठो फुकाइदिन आग्रह गरे। 'मलाई त लाग्दैन कि ठेकेदार दोषी छ। किनभने टेन्डर भएपछि मूल्यांकन गरेर पत्र पठाएपछि उसले साइकल ल्याइदिएको हो। अहिले ठेकेदार निकै पीडित छ। उसले भन्दै थियो मेरो घर लिलाम हुन्छ' मुख्यमन्त्री यादवले भने, 'त्यसकारण यो साइकलको समस्या कसरी समाधान हुन्छ। आयुक्तजीसंग मेरो बिनम्र अनुरोध छ।'

प्रमुख आयुक्त प्रेम राईले साइकलको मुद्दा अदालतमा विचाराधीन रहेकाले केही बोल्न नमिल्ने बताए। 'यो न्यायालयमा चलिरहेको विषय हो। विचाराधीन विषयमा हामीले केही बोल्न मिल्दैन। लस ( घाटा) कसले ब्यहोर्छ, थन्किरहेको साइकलको विषयमा म अदालतमा कुरा राख्छु', उनले भने। पूर्वमुख्यमन्त्री लालबाबु राउतले 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम अन्तर्गत कक्षा-८ का छात्राहरुलाई साइकल वितरणको कार्यक्रम ल्याएका थिए। यही कार्यक्रमको तेस्रो चरण अन्तर्गत असार २०७८ मा काठमाडौंको पुतलसडकस्थित स्यान्यो इन्टरनेशनल प्रालिमार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले १० हजार साइकल खरिद गरेको थियो।

८ करोड ४४ लाख १० हजार रुपैयाँमा खरिद गरिएको साइकलमध्ये करिब आधा वितरण भइसकेको थियो र आधा बाँकी थियो। त्यही बेला दोस्रो चरणमा खरिद गरेको १७ हजार थान साइकलमा ११ करोड रुपैयाँ अनियमितता भएको दाबी गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १७ साउन २०७८ मा ६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। त्यतिबेला मुख्यमन्त्ती तथा मन्त्रिपरिषद कार्यालयका तत्कालिन प्रदेश सचिव यामप्रसाद भुसाल, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका तत्कालिन प्रमुख भगवान झा, सहलेखापाल राजाराम मण्डल, भण्डार तथा जिन्सी शाखा प्रमुख रामस्वार्थ महतो र भण्डार शाखाका खरिदार जितमोहनकुमार दास र रेनु अग्रवालविरुद्ध अख्तियारले भ्रष्टाचार मुद्दा चलाएको छ।

त्यस्तै बोलपत्र मूल्यांकन समितिका पदाधिकारी तथा सदस्यहरु उपसचिव दिलीपकुमार प्रधान, अधिकृत सुरेन्द्रकुमार कर्ण, सहलेखापाल राजाराम मण्डल र इन्जिनियर भगवान झाविरुद्ध मुद्दा दायर गरेको छ। मुद्दा परेपछि करिब पाँच हजार साइकल वितरण अन्योलमा पर्नुका साथै भुक्तानी प्रक्रिया पनि रोकियो। आपूर्तिकर्ता कम्पनीलाई पाँच करोड ६८ लाख रुपैयाँ भुक्तानी गर्न बाँकी नै रहेको छ। उक्त कम्पनीका एक शेयरधनी कुन्दन सिंहले मुख्यमन्त्री यादव, प्रमुख सचिव लगायतसँग हार गुहार गरे पनि भुक्तानी पाउन नसकेको बताए।

'मुख्यमन्त्री पोजिटिभ हुनुहुन्छ। उहाँले भुक्तानी दिनुपर्छ है भनेर भन्नुहुन्छ। तर सचिवहरु फेरिए। कर्मचारीहरु विभिन्न बहानाबाजी गर्छन्। मेरो सामानको क्वालिटीको छ कि छैन त्यो प्रमुख कुरा हो नि ! भुक्तानी नभएर बैंकको ताकेता, सम्पत्ति लिलाम हुने अवस्थामा पुगेका छौं', सिंहले भने। पहिले मुख्यमन्त्री कार्यालय मातहत रहेको यो कार्यक्रम भ्रष्टाचार मुद्दा परेपछि तत्कालिन मुख्यमन्त्री राउतले १८ चैत २०७८ मा सामाजिक विकास मन्त्रालयमा समायोजन गर्ने निर्णय मन्त्रिपरिषदबाट गराए। कार्यालयका एक कर्मचारीका अनुसार आपूर्ति कम्पनीका प्रतिनिधि भुक्तानीका लागि धाएको धाएकै छन्। तर कर्मचारीले अख्तियारमा मुद्दा परेको यो फाइल छुन मानेको छैन। प्रमुख सचिव दिनेश घिमिरे यो विषयमा केही पनि बोल्न मानेनन्। 'यो विषयमा म केही पनि बोल्दिन। आपूर्तिकर्ताबाटै बुझ्नुस्' उनले भने।

# हत्या आरोपमा श्रीमान श्रीमतीसहित ४ जना पक्राउ

दाङ, १८ पुस। दाङमा कोइलाखानीमा शव फेला परेका पुरुषको हत्या आरोपमा प्रहरीले श्रीमान श्रीमतीसहित चार जनालाई पक्राउ गरेको छ। पुस १३ गते कोइलाखानीको सुरुङभित्र घेराही उपमहानगरपालिका-६ अघराका ४५ वर्षका शिवराज केसीको शव फेला परेको थियो। केसीको हत्या आरोपमा बंगलाचुली गाउँपालिका-४ गदारीका ४३ वर्षका शेरबहादुर कुँवर, उनकी ३५ वर्षकी श्रीमती दीपा कुँवर, दीपाका भाइ २९ वर्षका तिलक पुन र बंगलाचुली गाउँपालिका-१ का मेघराज कुँवर पक्राउ परेका हुन्। जिल्ला प्रहरी कार्यालय दाङका डीएसपी जनकबहादुर मल्लका अनुसार कुँवर दम्पतीले भेट्न बोलाएर केसीको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ।

पूर्वयोजना अनुसार मृतक केसीलाई दीपाले ८ पुसमा बंगलाचुलीको गदारीमा भेट्न बोलाएकी थिइन्। त्यसपछि कुँवर दम्पतीले केसीलाई बन्धक बनाएका थिए। उनीहरुले केसीसँग दुई कट्ठा जग्गा माग्दै ब्ल्याकमेलिङ गरेको पाइएको डीएसपी मल्लले बताए। 'जग्गा नदिएपछि गोली हानी हत्या गरेको देखियो' उनले भने। १३ पुसमा केसीको शव बंगलाचुली गाँउपालिका-४ भुमेबरा सामुदायिक बनको कोइलाखानीभित्र कोइलाको धुलोमा फेला परेको थियो। प्रहरीले हत्या भएको आशंकामा अनुसन्धान अघि बढाइरहेको थियो। सोहीक्रममा मृतकका आफन्तले दीपा छोराछोरी साथमा लिएर भारत जान लागेको भन्दै प्रहरीमा निवेदन दिएका थिए। त्यसपछि प्रहरीले दीपामाथि पनि अनुसन्धान गरेको थियो। दीपाका श्रीमान शेरबहादुर र दीपाका भाइ तिलक पुन मगरलाई पुस १५ गते दाङको अमिलिया जंगलमा लुकेर बसेको अवस्थामा पक्राउ गरेको थियो।

त्यसपछि केरकारपछि भरुवा बन्दुकको प्रयोग गरी केसीको हत्या गरेको खुलेको थियो। भरुवा बन्दुक भने बंगलाचुली- १ का मेघराज कुँवरले उपबल्ध गराएको प्रहरीको भनाइ छ। घटनाबारे अनुसन्धान भइरहेको डीएसपी मल्लको भनाइ छ।

# काममा फर्किए अध्यागमन कार्यालयका कर्मचारी

काठमाडौँ, १८ पुस। भिजिट भिसामा मानव तस्करी प्रकरणमा प्रहरीले अनावश्यक धरपकड गरेको भन्दै हडतालमा उत्रिएका विमानस्थलका कर्मचारीहरुले भोलिसम्मका लागि आफ्नो आन्दोलन स्थगित गरेका छन्। त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका कर्मचारीले बुधबार ३:३० बजेदेखि हडताल सुरु गरेका थिए।

कर्मचारी आन्दोलित भएपछि महानिर्देशक रुद्रसिंह तामाङ पुगेर छलफल गरेका हुन्। छलफलमा भोलि बिहान ११ बजे गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग छलफल गर्ने सहमति भएको छ। सहमतिसँगै कर्मचारीहरु काममा फर्किएका छन्। विमानस्थलमा कार्यरत अध्यागमनका कर्मचारीको स्वतन्त्र रूपमा कामकाज गर्न पाउनुपर्ने माग रहेको छ। यसअघि काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले अध्यागमन अधिकृत नरवीर खड्कालाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ। अन्य कर्मचारीमाथि पनि पक्राउ पुर्जी आएपछि कर्मचारीहरू आन्दोलित भएका हुन्। आधा कर्मचारीले मात्रै काम गरेका थिए। अध्यागमनका २४ मध्ये ६ वटा काउण्टर मात्रै चलाइएको थियो।

## भ्रष्टाचार मुक्त ...

कार्यकारी बागडोर सम्हालेकाले अघि बढ्नुपर्ने बताए। उनले अख्तियारमा उजुरी पर्दैमा कसैले डराउनु पर्ने आवश्यकता नभएको भन्दै गलत नगरेकाले सफाइ पाउने गरेको बताए। उनले कहिलेकाहीँ तथ्य र प्रमाण ढिलो आएमा अनुसन्धान ढिलो हुने गरेको भन्दै त्यसलाई अन्यथा लिन नहुने बताए। कार्यक्रममा मधेश प्रदेशका प्रमुख सचिव दिनेश घिमिरेले कानुनको कार्यान्वयन र विधिको शासन प्रति आफू प्रतिबद्ध रहेको बताए।

कार्यक्रममा सहभागी विभिन्न पालिकाका नगर प्रमुख, उपप्रमुख, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरूले कामकाज गर्दा आउने गरेको समस्याको विषयमा अवगत गराउँदै त्यसको समाधानका लागि प्रमुख आयुक्त समक्ष जिज्ञासा राखेको थियो।

# तलब माग गर्दै नगरपालिका अगाडि शिक्षक-कर्मचारीको धर्ना

रौतहट, १८ पुस। रौतहटको फतुवा विजयपुर नगरपालिकामा कार्यरत शिक्षक-कर्मचारी तलबको माग गर्दै बुधबारदेखि धर्नामा बसेका छन्। जनप्रतिनिधिबिच आपसी विवादका कारण गत साउनदेखि तलब पाउन नसकेका शिक्षक-कर्मचारीले नगरपालिका कार्यालय अगाडि धर्ना सुरु गरेका हुन्। नगरक्षेत्र अन्तर्गतका प्रत्येक माविबाट ३ जना, निमाविबाट २ जना, प्राविबाट १ जना गरी पालैपालो धर्ना सुरु भएको हो। समस्या समाधान नभएसम्म पहिलो चरणको आन्दोलन स्वरूप दैनिक बिहान ११ बजेदेखि ४ बजेसम्म धर्ना जारिरहने दुधिअवाका शिक्षक रञ्जन खरेलले बताए।




फतुवा विजयपुर नगरपालिकामा जनप्रतिनिधि बिचको विवाद चरम उत्कर्षमा पुगेको छ। तत्कालीन मेयर गोपाल राय यादव निलम्बित भएसँगै कार्यवाहक मेयर खातुन र अन्य जनप्रतिनिधिबिच विवाद उत्पन्न भएको हो। विवादकै कारण नगरसभा हुन नसकेकाले शिक्षक-कर्मचारीले तलब पाउन सकेका छैनन्। मन्त्रालयको निर्देशनमा फतुवामा केही समय अघि प्रमुख प्रशासकीय अधिकृतको रूपमा आएका उपसचिव सुरेन्द्र प्रधान र मेयर खातुनको प्रयासमा अघिल्लो महिना सामाजिक सुरक्षा भत्ता वितरण गरिएको थियो। मेयर खातुनको निर्देशनमा नगरसभाको लागि पटकपटक बैठक बोलाउँदा कांग्रेसका वडा अध्यक्षहरुसँगै कार्यपालिका बोर्डका सदस्य जनप्रतिनिधिहरु विभिन्न आरोप लगाउँदै बैठकमा उपस्थित भएका छैनन्।

नगरभित्रका शिक्षक लगायत ३५० को हाराहारीमा कर्मचारीले तलब पाउन सकेका छैनन्। कार्यपालिका बोर्ड बैठक बसेर नगरसभाको दिन तोक्न तीन पटक लिखित सूचना पठाउँदा मेयरबाहेक कांग्रेस समर्थित जनप्रतिनिधि वडा अध्यक्षहरुले पत्र नै नबुझेकोले अन्यौल बनेको प्रमुख प्रशासकीय अधिकृत प्रधानले गुनासो गरे। वडा अध्यक्षहरुको बखेडा तथा अवरोधका कारण नगरपालिकाको कामकाज प्रभावित भइरहेको कार्यवाहक मेयर अम्बेया खातुनले बताइन्। कांग्रेस पार्टीका वडा अध्यक्ष राजेश यादवले कार्यवाहक मेयर कांग्रेस पार्टीकै भए पनि स्वेच्छाचारी ढंगले अघि बढ्न खोजेकाले विरोध गर्नुपरेको बताए। पार्टीभित्र आएर आत्मालोचना गरे आफूहरु बैठकमा सहभागी हुने उनको भनाइ छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)